# खजुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खजुरा, बाँके
लुम्बिनी प्रदेश, नेपाल

पत्र. स.(रोजगार शाखा)PMEP:
च. न. ६५६

मिती:२०७८/११/०१

**विषयः बेरोजगार व्यक्तिको आवेदन फारम भर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु, सबै (१–८)
खजुरा गाउँपालिका, बाँके

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आर्थिक वर्ष २०७९/०८० को लागि न्युनतम रोजगारीमा सँलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न चाहने **१८ वर्ष देखि ५९** वर्षका स्वरोजगार कार्यमा संलग्न नभएका बेरोजगार व्यक्तिहरुले पुर्ण विवरण सहितको रितपुर्वक निवेदन यहि मिती **२०७८ फागुन १ गते देखि २०७८ फाल्गुन ३० गते** सम्ममा आफुले बसोबास गरेको स्थानियतहको सम्बन्धित वडा कार्यलयमा गई तपशिल बमोजिमका आवश्यक कागजातका साथमा बेरोजगार व्यक्तिहरुको सुचिमा सुचिकृत हुन जानकारी गराइन्छ । सम्बन्धित वडा कार्यालयमा परेका निवेदनहरु मध्येबाट बेरोजगार व्यक्ति छनोट मापदण्ड अनुसार प्राथमिकताका आधारमा वास्तविक बेरोजगार व्यक्तिहरुको आवेदन फारमहरु मात्र जम्मा गरि गाउँपालिकाको रोजगार सेवा केन्द्रमा पठाइदिनु हुन अनुरोध गरिन्छ ।

**आवश्यक कागजातहरुः**

- **नागरिकताको फोटोकपिः १ प्रति**
- **पासपोर्ट साइजको फोटोः १ प्रति**
- **परिवारका सदस्यहरुको नागरिकताको फोटोकपिः १/१ प्रति (१८–५९)**
- **स्थायी बसोबास नभएको हकमा बसाई सराई प्रमाणपत्रको फोटोकपि :१ प्रति**
- **शैक्षिक प्रमाणपत्र**
- **अनुभब खुल्ने तालिमको प्रमाणपत्रहरु**

**बेरोजगार छनोट मापदण्ड**

- एक आर्थिक वर्षमा निवेदन दिँदाको मितीसम्ममा सोही आर्थिक वर्षमा १०० दिन रोजगारमा संलग्न नभएको र नेपाल सरकारले तोकेको न्युनतम आय बराबरको आयभन्दा कम आय भएको ।

प्रतिक्षा न्यौपाने
रोजगार संयोजक
खजुरा गाउँपालिका

निमित्त प्रमुख प्रशासकीय अधिकृत

वेबसाइटः www.khajuramun.gov.np इमेलः- info@khajuramun.gov.np, khajura666@gmail.com

# खजुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खजुरा, बाँके
लुम्बिनी प्रदेश, नेपाल

पत्र. स.(रोजगार शाखा)PMEP:
**च. न.** ६५६

**मिती:२०७८/११/०१**

❖ **नोटः**

- बेरोजगार व्यक्तिहरुको आवेदन गर्दा संकलन गर्दा व्यक्तिहरुका र निजका परिवारका यर्थाथ र सम्पूर्ण विवरणहरु संकलन गरि वास्तविक लक्षित वर्ग केन्द्रित कार्यकम सन्चालन गर्ने गरि विवरण उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

- मिति २०७८ चैत्र मसान्तसम्ममा रोजगार व्यवस्थापन सुचना प्रणाली ( EMIS) मा प्रविष्ट गरि सक्नु पर्ने भएकाले फारममा आवश्यक भएका सम्पुर्ण विवरणहरु अनिवार्य रुपमा भर्नु / भराउनु हुन तथा वडामा दर्ता गराउनु हुन अनुरोध गरिन्छ । अन्यथा फारम अस्विकार गरिनेछ ।

प्रतिक्षा न्यौपाने
रोजगार संयोजक
खजुरा गाउँपालिका, बाँके

प्रतिक्षा न्यौपाने
रोजगार संयोजक
खजुरा गाउँपालिका

दिल बहादुर पौडेल
निमित्त प्रमुख प्रशासकिय अधिकृत
खजुरा गाउँपालिका, बाँके